मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः१ मितिः २०७७/०३/२१

**भाग-१**

**मर्स्याङदी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०७७ को ऐन नं. १

## मर्स्याङ्दी गाउँपालिकाको आर्थिक ऐन २०७७

**पारीत मितिः २०७७/०३/१०**

**प्रस्तावनाः**

मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मर्स्याङ्दी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐन को नाम **"मर्स्याङ्दी गाउँपालिका आर्थिक ऐन २०७७"** रहेको छ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि मर्स्याङ्दी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत)**: मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचिबाट जम्मा रु १२,००,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

३. **घर वहाल करः** मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । यस अनुसूचिबाट जम्मा रु १,५०,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

४. **व्यवसाय करः** मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचिबाट जम्मा रु ५,००,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचिबाट जम्मा रु २,००,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

६. **सवारी साधन करः** मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ । यस अनुसूचिबाट जम्मा रु १,००,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

७. **बहाल बिटौरी कर** : मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचिबाट जम्मा रु १,१०,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

८. **क्यानोइङ्ग र र्‍याफ्टीङ्ग शुल्कः** मर्स्याङ्दी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र क्यानोइङ्ग र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (७) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचिबाट जम्मा रु ५०,०००।०० राजश्व उठने अनुमान गरिएको छ ।

९. **सेवा शुल्क, दस्तुरः** मर्स्याङ्दी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचिबाट जम्मा रु १०,००,०००।०० राजश्व उठने अनुमान गरिएको छ । साथै गैरकर राजश्व रु २ लाख उठाउने अनुमान गरिएको छ।

१०. **प्राकृतिक स्रोत ( ढुङ्गा, वालुवा, गिटी ) सम्बन्धी शुल्क :** मर्स्याङ्दी गाउँपालिकामा अनुसूची ( ९) मा उल्लेखित प्राकृतिक स्रोत ( ढुङ्गा, वालुवा, गिटी ) को गाउँपालिकाले ठेक्काको

माध्यमबाट नियमानुसारले लगाउने शुल्क तथा गाउँसभा र गाउँकार्यपालिकाले तोके अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ। यस अनुसूचिबाट जम्मा रु १८,००,०००।०० राजश्व उठने अनुमान गरिएको छ।

११. **अन्य आम्दानी** : गाउँपालिकाले ट्राक्टर, व्याकुलोडर लगायतका मेसिनरी सामानहरुको निश्चित दररेट तोकी भाडामा लगाउन सकिने छ सो बापत अनुसुचि १० मा उल्लेख भए बमोजिम रु १५,००,०००।- राजश्व उठ्ने अनुमान गरिएको छ।

- फोहोरमैला कर : रु २ लाख।
- संघ सस्था दर्ता नविकरण : १ लाख ४५ हजार १ सय २० रुपैंया।
- अन्य प्रशासनिकः

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि मर्स्याङ्दी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१
## भूमीकर ( मालपोत )

| क.स. | खेत तर्फ प्रति रोपनी | पाखो तर्फ प्रति रोपनी | जरीवाना दस्तुर | बाझो जग्गा बापत जरिवाना |
|---|---|---|---|---|
| १ | रु २०।०० | रु १०।०० | कर मुल्यको आधा लाग्ने । | खेत तर्फ प्रति रोपनी रु ६०।- र पाखो तर्फ प्रति रोपनी रु ३०।- |

## अनुसूची-२
## घर जग्गा बहाल कर

| | | |
|---|---|---|
| १. | संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिने | २ प्रतिशतका दरले |
| २. | अन्य प्रयोजनको लागि | १ प्रतिशतका दरले |

## अनुसूची-३
## व्यवसाय कर

**पटके व्यवसाय कर**

वहाल बिटौरी वा व्यवसाय करको सूचीमा परेका करदाताबाहेक गाउँपालिका क्षेत्रभित्र वा बाहिरबाट सवारी साधन वा मानिस आफैले पोका वा झोलामा सामान राखी गाउँपालिका क्षेत्रभित्र घूमाएर बिक्री गर्नेहरुका लागि निम्न अनूसार कर लिने ।

| | | |
|---|---|---|
| १. | फेन्सी र खूद्रा सामान गाडीद्वारा घूमाएर बेच्नेहरुका लागि प्रति दिन | १००।०० |
| २. | खाद्यान्न सामान गाडीद्वारा घूमाएर बेच्नेहरुका लागि प्रति दिन | ५०।०० |
| ४. | पोका वा झोलामा सामान राखी मोटर साइकल, मानिस आफैंले बेच्ने प्रति दिन | २०।०० <br> १०।०० |
| ५. | रांगा, भैंसी बंगुर प्रतिगोटा | १०।०० |
| ६. | खसी बोका प्रति गोटा | ५।०० |
| ७. | हांस, कुकुरा र अन्य पक्षी प्रति गोटा | २।०० |
| नोट | डोका र डालामा तरकारी तथा फलफूल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लिइने छैन। | |

**अन्य व्यवसाय करको दर :**

| क.सं. | व्यवसायको विवरण | करको श्रेणी | करको श्रेणी | करको श्रेणी |
|---|---|---|---|---|
| | स्तर | क | ख | ग |
| १) पर्यटन / उद्योग | | | | |
| १ | होमस्टे प्रति घर | १०००।०० (वार्षिक १०० जना सम्म पर्यटक आउने ।) | ५००।० (वार्षिक ५० जना सम्म पर्यटक आउने ।) | |
| २ | होटल, लज एवं साधारण होटल | २,०००।०० | १,५००।०० | १,०००।०० |
| ३ | रेटुरेन्ट (म:म, तास, सेकुवा आदि) | १,५००।०० | १,०००।०० | ५००।०० |
| ४ | चिया पसल | ५००।०० | २००।०० | |
| ५ | चटपट पसल | ५००।०० | ३००।०० | |
| ६ | पूजा सामग्री पसल | ५००।०० | ३००।०० | |
| ७ | पानी उद्योग | २,०००।०० | १,५००।०० | |
| २) व्यापारिक वस्तू | | | | |
| १ | खाद्यान्न पसल ( डिलर तथा सप्लायर्स ) | ३,०००।०० | २,०००।०० | १,५००।०० |
| २ | खाद्यान्न पसल खुद्रा | १,५००।०० | १,०००।०० | ५००।०० |
| ३ | कपडा पसल (थोक एवं खूद्रा) | २,०००।०० | १,५००।०० | १,०००।०० |
| ४ | आयल पम्प | ३,५००।०० | | |
| ५ | विद्यूत सामान तथा विद्यूतीय सामग्री टि.भी., घडी रेडियो बिक्री पसल | १,५००।०० | १,२००।०० | १,०००।०० |
| ६ | निर्माण सामाग्री (हार्डवयर पसल) | २,५००।०० | २,०००।०० | १,५००।०० |
| ७ | सूनचांदी पसल (ज्वेलेरी) | १,५००।०० | १,३००।०० | १,०००।०० |
| ८ | फेन्सी पसल | २,०००।०० | १,५००।०० | ७५०।०० |
| ९ | उनी धागो पसल | ७००।०० | ६००।०० | ५००।०० |
| १० | जुत्ता,चप्पल पसल | १,०००।०० | ८००।०० | ५००।०० |
| ११ | सपिङ कम्प्लेक्स (सुपर मार्केट ) | ३,५००।०० | २,५००।०० | २,०००।०० |
| ३) अन्य सेवा | | | | |
| १ | विविध श्रृङ्गाार पसल (थोक/खूद्रा) | १,५००।०० | १,०००।०० | ५००।०० |
| २ | फर्नीचर पसल | २,०००।०० | १,५००।०० | १,०००।०० |
| ३ | भांडा र गिफ्ट पसल(थोक/खूद्रा) | १,५००।०० | १,२००।०० | १,०००।०० |
| ४ | केबूल, नेटवर्किङ | ७,०००।०० | ३,५००।०० | |
| ५ | पुलवोर्ड | प्रति वोर्ड रु.४००।०० | | |
| ६ | भिडियो गेम | प्रति स्किम रु.२००।०० | | |
| ७ | पुस्तक तथा पत्रिका पसल | १,२००।०० | १,०००।०० | ८००।०० |
| ८ | नर्सरी र फलफूलका विरुवा बिक्रीवितरण | ५००।०० | ३००।०० | २००।०० |
| ९ | सस्थागत पेन्टर | ५,०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| १० | तरकारी तथा फलफूल पसल | १,०००।०० | ८००।०० | ४००।०० |
| ११ | वीज भण्डार | १,०००।०० | ५००।०० | |
| १२ | मल बिउ पसल / एग्रोभेट/कुखुराको चल्ला विक्रि/दाना पसल | १,५००।०० | १,०००।०० | |
| १३ | मासु पसल | १,५००।०० | १,०००।०० | ५००।०० |
| १४ | कपडा सिलाई पसल | १,०००।०० | ८००।०० | ५००।०० |
| १५ | हेयर कटिङ पसल | ७५०।०० | | |
| १६ | आर्ट पसल | ५००।०० | | |
| १७ | फोटो स्टुडियो तथा पसल | १,५००।०० | ७५०।०० | ५००।०० |
| १८ | रंगरोगन पसल | १,५००।०० | १,२५०।०० | १,०००।०० |
| १९ | चश्मा पसल | १०००।०० | ५००।०० | |
| **४) मर्मत संभार** | | | | |
| १ | रेडियो टि.भि घडी, प्रेशर कूकर, हिट टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | १,५००।०० | १,०००।०० | ७५०।०० |
| २ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १,५००।०० | १२००।०० | १,०००।०० |
| **५) सेवा उद्योग** | | | | |
| १ | डाइभिङ इन्स्टिच्युट | २,०००।०० | | |
| २ | छापाखाना | १,०००।० | ८००।० | ६००।० |
| **६) कृषि तथा वनजन्य उद्योग** | | | | |
| १ | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय, समिल तथा फर्नीचर उद्योग आदी | २,५००।० | २,०००।० | १,५००।० |
| **७) उर्जामूलक** | | | | |
| १ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | २,०००।०० | १,०००।००० | |
| **८) उत्पादन मूलक उद्योग** | | | | |
| १ | पाउरोटी भण्डार | १,५००।०० | १,०००।०० | ५००।०० |
| २ | राईस मिल ( सेलर )<br>राईस मिल ( होलर ) | १,०००।००<br>५००।०० | ८००।००<br>३००।०० | ७००।०० |
| ३ | आइसक्रिम उद्योग तथा पसल | १,०००।०० | ७५०।०० | ५००।०० |
| **९) वित्तीय सेवा** | | | | |
| १ | बैंक, वित्तीय संस्था | १५,०००।०० (क वर्गका बैंक ) | १२,०००।०० (ख वर्गका बैंक ) | १०,०००।००( ग र घ वर्गका बैंक |
| २ | सहकारी संस्था | १०,०००।०० | ८,०००।०० | ५,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | रेमिटेन्स सेवा | २,०००।०० | | |
| १०) | **स्वास्थ्य सेवा** | | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | ३,५००।०० | ३,०००।०० | २,०००।०० |
| २ | नर्सिङ होम | ३,५००।०० | ३,०००।०० | २,०००।०० |
| ३ | मेडिकल क्लिनिक तथा ल्याव | २,०००।०० | १,५००।०० | १,०००।०० |
| ४ | दांत बनाउने पसल | १,५००।०० | १,०००।०० | ७५०।०० |
| **११) शिक्षा सेवा** | | | | |
| १ | नि.जि क्षेत्रका बोर्डिङ स्कूल क्याम्पस मा.वि,आ.वि. र प्रा.वि. | ७,०००।०० | ५,०००।०० | ३,०००।०० |
| २ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १,०००।०० | | |
| ३ | सिलाई,बुनाई,पेन्टिङ,कटिङ,बुटिङ प्रशिक्षण | १,०००।०० | ८००।०० | ७००।०० |
| ४ | टेक्निकल इन्ष्टिच्यूट | १,०००।०० | | |
| १२) | **निर्माण व्यवसायी गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ** | क्रमशः रु १५,०००।००, १२,०००।००, १०,०००।०० र ७,०००।०० | | |
| **१३)संचार सेवा :** | | | | |
| १ | निजी क्षेत्रका कुरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | १,०००।०० | | |
| **१४) विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | |
| १ | चिकित्सक विशेषज्ञ (स्वास्थ्य सहायक, कविराज) | १,०००।०० | ८००।०० | ५००।०० |
| २ | ल फर्म | १,०००।०० | ७५०।०० | ५००।०० |
| ३ | कन्सल्टेन्सी फर्म (इनजीनियर र ओभरसियर) | २,५००।०० | | |
| ४ | ज्योतिष | १,०००।०० | | |
| ५ | अडिट फर्म (क, ख, ग ) | २,०००।०० | १,५००।०० | १,०००।०० |
| **१५) अन्य व्यवसाय** | | | | |
| १ | कवाडी सामानको थोक बिक्रेता | १०,०००।०० | ३,०००।०० | २,०००।०० |
| २ | टेण्ट हाउस | १,०००।०० | ८००।०० | ६००।०० |
| ३ | लाउण्डी पसल | ५००।०० | | |
| ४ | मादल पसल | ५००।०० | | |
| ५ | माटोको भांडा बनाउने | ५००।०० | | |
| ६ | मिठाई पसल | १,०००।०० | ७५०।०० | ५००।०० |
| **१६) साना उद्योग** | | | | |
| १ | ढुंगा कटिङ् उद्योग | ३,०००।०० | | |
| २ | इट्टा भट्टा | ५,०००।०० | | |
| ३ | ग्रिल उद्योग | ४,०००।०० | ३,०००।०० | २,५००।०० |
| ४ | अन्य उद्योग | १,५००।०० | १,०००।०० | ८००।०० |

| | | |
|---|---|---|
| ५ | ब्लक उद्योग | २,५००।०० (इनन्टर लक), २,०००।०० (लक) |

## अनुसूची-४
## जडिवुटि, कवाडी र जीवजन्तु कर

| | | |
|---|---|---|
| १. | यार्सागुम्बा कांचो प्रति किलो रु<br>यार्सागुम्बा सुकेको प्रति किलो रु | १५००।००<br>३,०००।०० |
| २. | सतुवा प्रति किलो रु | २५०।०० |
| ३. | वनलसुन प्रति किलो रु | ५००।०० |
| ४. | तेजपत्ता प्रति किलो रु | १।०० |
| ५. | दालचिनि प्रति किलो | ५।०० |
| ६. | अन्य | ५०।०० |

## अनुसूची-५
## सवारी साधन कर

| | | |
|---|---|---|
| १. | बस, ट्रक, लहरी | ६००।०० |
| २. | मिनीबस, ट्रक (छ पाँग्रे) | ४००।०० |
| ३. | मिनीबस, ट्रक (चार पाँग्रे) | ३५०।०० |
| ४. | भाँडाको कारजीप | २००।०० |
| ५. | निजी कार, भ्यान, जिप, पिकअप | २५०।० |
| ६. | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथि | ५००।० |
| ७. | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | ४००।० |
| ८. | स्कुटर / मोटरसाइकल | १००।० |
| ९. | पावर टेलर | १००।० |
| १०. | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | २,०००।० |

## अनुसूची-६
## बहाल बिटौरी शुल्क

| | | |
|---|---|---|
| १. | सरकारी तथा सार्वजनिक जमिन उपयोग गरे वापत ( वसोवास प्रयोजन ) | प्रति आना वार्षिक रु ५५।०० |
| २. | सरकारी तथा सार्वजनिक जमिन उपयोग गरे वापत ( व्यापारिक प्रयोजन ) | प्रति आना वार्षिक रु ११०।०० |
| ३. | व्यवसायिक कृषि उत्पादनको लागि प्रयोग | प्रति रोपनी १००।०० |

## अनुसूची-७
## क्यानोइङ्ग शुल्क, र्‍याफ्टीङ् शुल्क

| | | |
|---|---|---|
| १. | नदीमा र्‍फटिङ गर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | २०।०० |

| | | |
|---|---|---|
| २. | क्यानोइङ् (विदेशी पर्यटक प्रति व्यक्ति प्रति दिन )<br>क्यानोइङ् (स्वदेशी पर्यटक प्रति व्यक्ति प्रति दिन ) | २००।००<br>१००।०० |

**अनुसूची-८**
**सेवा शुल्क/दस्तुर**

| सि.न | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| | **क) पञ्जीकरण सम्बन्धी तथा अन्य सिफरिस** | |
| १ | नाता प्रमाणित ( नेपालीमा) | ३००।०० |
| २ | नाता प्रमाणित (अंग्रेजीमा) | ३००।०० |
| ३ | जन्म, विवाह, मृत्यु, वसाईसराई र सम्बन्ध विच्छेद विलम्ब दस्तुर | १००।०० |
| ४ | राहदानी सिफारिस | ३००।०० |
| ५ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | २००।०० |
| ६ | वंशजको नागरिकता सम्बन्धी प्रतिलिपी सिफारिस | २००।०० |
| ७ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | २,०००।०० |
| ८ | नाम छुटको सिफारिस | २००।०० |
| ९ | सनाखतको सिफारिस | २००।०० |
| १० | जन्म,मृत्यु सम्बन्धी सिफारिस | २००।०० |
| ११ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १,०००।०० |
| १२ | अस्थायी/स्थायी बसोबास सम्बन्धी सिफारिस | १५०।०० |
| १३ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००।०० |
| १४ | जन्ममिति प्रमाणित शुल्क | २५०।०० |
| १५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने शुल्क | २००।०० |
| १६ | प्रतिलिपी व्यक्तिगत घटना दर्ता | ३००।०० |

| | | |
|---|---|---|
| १७ | चारित्रिक सिफारिस, नाबालक / बालिका परिचयपत्र सिफारिस | ५००।०० |
| १८ | अविवाहित प्रमाणित | ५००।०० |
| १९ | पारीवारिक विवरण सम्बन्धि सिफारिस | ३००।०० |
| २० | जिवित सिफारिस | ३००।०० |
| २१ | मृतक सँगको नाता प्रमाणित | ३००।०० |
| २२ | संरक्षक सिफरीस (व्यक्तिगत) | २००।०० |
| २३ | संरक्षक सिफरीस (संस्थागत) | ५००।०० |
| २४ | हकवाला हकदार प्रमाणित | २००।०० |
| २५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस( नेपाली पेन्सनर, भारतीय पेन्सनर , ब्रिटिस वा अन्य देशका पेन्सनर ) | क्रमश: रु २००।०० , रु ३००।०० र रु ५००।०० |
| २६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | १,५००।०० |
| २७ | पालनपोषणको लागि सिफारिस | १००।०० |
| २८ | अंग्रेजी रुपान्तरण | ५००।०० |
| २९ | सर्जमिन शुल्क | १,०००।०० |
| ३० | फोहोरमैला संकलन दस्तुर (व्यक्ति, होटल/ ठुला पसल, CTEVT/HYDRO/सहकारी/अन्य संस्था) | क्रमश: रु२०, रु५०, रु १०० । |
| **ख) घर जग्गा सम्बन्धी सिफरिस** | | |
| १ | कच्ची घर कायम | ३००।०० |
| २ | पक्की घर कायम | ५००।०० |
| ३ | घरजग्गा नामसारी | ५००।०० |
| ४ | घरपातल प्रमाणित शुल्क | २००।०० |
| ५ | जग्गा दर्ता सिफारीस | १५०।०० |
| ६ | जग्गा रेखांकनको कार्य / सो कार्यमा रोहबर | २००।०० |
| ७ | जग्गा धनीपुर्जा हराएको सिफारीस | २००।०० |

| | | |
|---|---|---|
| ८ | पुर्जामा घर कायम गर्ने सिफारीस | २००।०० |
| ९ | मोही लगत कट्टा सिफारीस | २००।०० |
| १० | घर कोठा खोल्ने कार्य⁄ रोहबरमा बस्ने कार्य | २००।०० |
| ११ | कित्ताकाट गर्न सम्बन्धि सिफारिस | २००।०० |
| १२ | जग्गाको हक सम्बन्धि सिफारिस | ५००।०० |
| १३ | जग्गा मूल्याङ्कन सिफारीस ⁄ प्रमाणित | ३००।०० |
| १४ | प्लटिङ सेवा शुल्क प्रति १ रोपनी | १५,०००।०० |
| १५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | १५०।०० |
| **ग) काठ दाउरा सम्बन्धी सिफारिस** | | |
| १ | कटानी | ५००।०० |
| २ | निकासी | १,०००।०० |
| **घ) संस्था, उद्योग तथा व्यवसाय सम्बन्धी सिफरिस** | | |
| १ | उद्योग स्थापना सिफारिस | ५००।०० |
| २ | उद्योग ठाउसारी गर्न सिफारिस | ५००।०० |
| ३ | नया व्यवसाय दर्ता (रु १० लाख सम्म, रु २० लाख सम्म र सो भन्दा माथि) | क्रमशः रु २००।०० , रु ३००।०० र रु ५००।०० |
| ४ | व्यवसाय नविकरण | २०० |
| ५ | व्यवसाय दर्ता सिफारीस | २०० |
| ६ | व्यवसाय बन्द सिफारीस | २०० |
| ७ | व्यवसाय सञ्चालन नभएको सिफरीस | २०० |
| ८ | व्यापार व्यवसाय नभएको सिफारीस | २०० |
| ९ | संस्था दर्ता सिफारीस | २०० |
| १० | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | १,५००।०० |
| **ङ) शिक्षा तथा विद्यालय सम्बन्धी सिफरिस** | | |
| १ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| २ | निजी विद्यालय दर्ता र स्तर बृद्धि(प्रावि⁄ निमावी⁄ मावी वा सो भन्दा माथि) | ७,०००।००, १०,०००।००, १५,०००।०० |
| ३ | विद्यालय ठाउँसारी सिफारिस | १,०००।०० |
| **च) स्वास्थ्य सम्बन्धी सिफरिस** | | |

| | | |
|---|---|---|
| १ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस शुल्क | नि:शुल्क |
| **छ) विद्युत तथा टेलिफोन जडान सम्बन्धी सिफारिस** | | |
| १ | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३००।० (सरकारी कार्यालय / संघ संस्था लागि निशुल्क) |
| २ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस | ३००।०० |
| क) | आर.सी.सी. पक्की घर | ५००।०० |
| ग) | सरकारी कार्यालय / संघ संस्था | निशुल्क |
| ख) | अन्य घर | ३००।०० |
| **ज) धितो मूल्यांकन (बैंक कारोबार)** | | |
| क) | रु ५ लाख सम्म | ५००।०० |
| ख) | रु १० लाख सम्म | १,०००।०० |
| ग) | रु २० लाख सम्म | २,०००।०० |
| घ) | रु ३० लाख सम्म | ३,०००।०० |
| ङ) | रु ४० लाख सम्म | ४,०००।०० |
| च) | रु ५० लाख सम्म | ५,०००।०० |
| **झ) अन्य दस्तुर** | | |
| १ | निवेदन फाराम प्रति पाना | निशुल्क |
| २ | अनुसूची | निशुल्क |
| ३ | साधारण निवेदन दर्ता शूल्क | निशुल्क |
| ४ | कोटेशन फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| ५ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| ६ | निवेदन नक्कल प्रति पाना | निशुल्क |
| ७ | कोर्ट फि मिनाहा सिफारीस | २००।०० |
| ८ | मिलापत्र दस्तुर प्रति पक्ष (पक्ष र विपक्ष) | ५००।०० |
| ९ | कागज/ मञ्जुरीनामा प्रमाणित | २००।०० |
| १० | चौपाया सम्बन्धी सिफरीस | २००।०० |

| | | |
|---|---|---|
| ११ | अन्य सिफारिस | २००।०० |
| | **ञ) हैसियत प्रमाणित** | |
| १ | आर्थिक अबस्था बलियो वा सम्पन्नताको प्रमाणित | २००।०० |
| २ | आर्थिक अबस्था कमजोर वा विपन्नताको प्रमाणित | निशुल्क |
| क) ऋण तथा बैदेशिक रोजगारीका लागि | | |
| १. | रु.१० लाख सम्म | १,०००।०० |
| २. | रु.२० लाख सम्म | २,०००।०० |
| ३. | रु.३० लाख सम्म | ३,०००।०० |
| ४. | रु.४० लाख सम्म | ३,५००।०० |
| ५. | रु.५० लाख सम्म | ४,०००।०० |
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | ५००।०० का दरले थप हूदै जाने |
| ख) अध्ययनको लागि | | |
| १. | रु.२० लाख सम्मको | १,०००।०० |
| २. | रु.३० लाख सम्मको | १,५००।०० |
| ३. | रु.५० लाख सम्मको | २,५००।०० |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | २००।०० दरले थप |
| ग) | अंशवण्डा र दानवकसमा | २००।०० |
| घ) | गाउँपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नूपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ । | |

**चार किल्ला सिफारिस / घरबाटोको सिफारिस**

| क.सं. | जग्गाको क्षेत्रफल | जग्गाको विवरण | |
|---|---|---|---|
| | | बाटो भएको | बाटो नभएको |
| १. | १ रोपनी सम्म | ५०० | २०० |
| २. | १ देखि १० रोपनी सम्म | ७५०।० | ३००।० |
| ३. | १० रोपनी भन्दा माथि | १,०००।० | ५००।० |

**पशुसेवा तथा कृषिविकास सम्बन्धी**

| क.स. | विवरण |
|---|---|

| | |
|---|---|
| १ | बोका खसी पारेको प्रति बोका रु १०।०० |
| २ | गोरु खसी पारेको प्रति गोरु रु २५।०० |
| ३ | कुकुर उपचार प्रति कुकुर रु २५।०० |
| ४ | कृतिम गर्भाधान प्रति पशु रु २५।०० |
| ५ | साधारण उपचार प्रति पशु रु १०।०० |
| | **अनुदान तर्फको निवेदन शुल्क (पशुसेवा, कृषि विकास तथा गा.पा. ले प्रदान गर्ने जुनसुकै अनुदान तर्फ )** |
| १ | रु १०,०००।०० सम्म अनुदान पाउनेमा रु २५।०० |
| २ | रु २०,०००।०० सम्म अनुदान पाउनेमा रु ५०।०० |
| ३ | रु ५०,०००।०० सम्म अनुदान पाउनेमा रु १००।०० |
| ४ | रु १ लाख सम्म अनुदान पाउनेमा रु १५०।०० |
| ५ | रु २ लाख सम्म अनुदान पाउनेमा रु २००।०० |
| ६ | रु २ लाख भन्दा माथी अनुदान पाउनेमा रु ३००।०० |

## अनुसूची-९

**प्राकृतिक स्रोत ( ढुङ्गा, वालुवा, गिटी ) सम्बन्धी शुल्क :**

**मर्स्याङ्दी गाउँपालिकामा अनुसूची (९) मा उल्लेखित प्राकृतिक स्रोत ( ढुङ्गा, वालुवा, गिटी ) को गाउँपालिकाले ठेक्काको माध्यमबाट नियमानुसारले लगाउने शुल्क तथा गाउँसभा र गाउँकार्यपालिकाले तोके अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ।**

## अनुसुची-१०

| **क.स** | **नाम** | **उपभोक्ता समितिको लागि (रु)** | **व्यक्तिगत (रु)** |
|---|---|---|---|
| १ | व्याकुलोडर प्रयोग बापत प्राप्त हुने राजश्व दर (प्रति घण्टा) | २,०००।- | २,२००।- |
| २ | ट्राक्टर प्रयोग बापत प्राप्त हुने राजश्व दर (प्रति दिन) | ६,५००।- | ६,५००।- |
| ३ | एक्साबेटर बकेट | ४,०००।- | ४,५००।- |
| | एक्साबेटर ब्रेकर | ५,०००।- | ५,५००।- |

आज्ञाले,
खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:४ संख्या: २ मिति: २०७७/०३/२१

**भाग-१**

**मर्स्याङदी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०७७ को ऐन नं. २

# मर्स्याङ्दी गाउँपालिकाको विनियोजन ऐन २०७७

**मर्स्याङ्दी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**पारीत मितिः २०७७/०३/१०**

**<u>प्रस्तावनाः</u>**.

मर्स्याङ्दी गाउँपालिकाको आर्थिक बर्ष २०७७०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मर्स्याङ्दी गाउँ सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> **(१)** यस विधेयकको नाम **" मर्स्याङ्दी गाउँपालिकाको विनियोजन ऐन २०७७"** रहेको छ।

(२) यो ऐन सभावाट स्वीकृत भई प्रमाणिकरण भएको मितिवाट प्रारम्भ हुनेछ।

२. <u>**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**</u>: (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५४,८८,०२,८०० (अक्षेरुपी चौहन करोड अठासी लाख दुई हजार आठ सय रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>**विनियोजनः**</u> **(१)** यस ऐन द्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त मर्स्याङ्दी गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूचि-१**

(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | जम्मा विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | चालु खर्च | ९,०७,८४,८००।०० | |
| २. | पूँजीगत खर्च | १६,३४,०६,०००।०० | |
| ३. | सशर्त अनुदान (शिक्षा, स्वास्थ्य, महिला विकास शाखा तर्फ ) | २१,१४,००,०००।०० | |
| ४. | सामाजिक सुरक्षा | ७,२३,१७,०००।०० | |
| ५. | गरिव सँग विशेश्वर कार्यक्रम | ४,९५,०००।०० | |
| ६. | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ४,००,०००।०० | |
| ७. | समपुरक कोष | १,००,००,०००।०० | |
| | **जम्मा** | ५४,८८,०२,८००।०० | |

आज्ञाले,
खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ | संख्याः३ | मितिः २०७७/१०/५

**भाग-१**

**मर्स्याङदी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०७७ को ऐन नं. ३

## मर्स्याङ्दी गाउँपालिकाको जलस्रोत उपयोग सम्वन्धी ऐन ,२०७७

**पारित मितिः २०७८/०९/२७**

**प्रस्तावना :**

मर्स्याङ्दी गाउँपालिका भित्रको भूमीगत वा भू सतहमा रहेको जलस्राते को समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्तो उपयोगवाट हुने वातावरणीय एवं अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकाले, नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मर्स्याङ्दी गाउँपालिकाको गाउँ सभाले “ जलस्रोत उपयोग सम्वन्धी ऐन ,

२०७७” जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-(१) यस ऐनको नाम “ मर्स्याङदी गाउँपालिकाको जलस्रोत उपयोग सम्वन्धी ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “जलस्रोत ” भन्नाले मर्स्याङदी गाउँपालिका भित्रको भू सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा  रहेको पानी सम्झनु पर्छ ।

(ख) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले जलस्रोतको उपयोग गर्न मस्याङदी गाउँपालिकावाट दफा ८ वमोजिम  अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ ।

(ग) “उपभोक्ता संस्था ” भन्नाले दफा ४ वमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्दछ ।

(घ) “सेवा शुल्क ” भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले उपलव्ध गराएको जलस्रोत सम्वन्धीत सेवा उपयोग गरे वापत उपभोक्ताले वुझाउनु पर्ने शुल्क सम्झनुपर्छ ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस विधेयक अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए  बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२

## जलस्रोतको उयोग सम्वन्धी व्यवस्था

३. जलस्राते को उपयोग : (१) यस विधेयक बमोजिम अनुमति पत्र प्राप्त नगरी कसलै पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय वमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

(क) आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागी उपयोग गर्न ,

(ख) आफ्नोजग्गामा सिँचाई गर्न ,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागी डुंगाको प्रयोग गर्न,

(ङ) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिए वमोजिम उपयोग गर्न ,

४. जल उपभोक्ता संस्थाको गठन :(१) सामुहिक लाभको लागी संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए वमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन ।

(२) उपदफा (१) वमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई मर्स्याङ्दी गाउँपालिका समक्ष तोकिए वमोजिम दर्ता गराउनु पर्ने छ ।

(३) उपदफा (२) वमोजिम दर्ता भएको जल उपभोक्ता सस्था अविछिन्न उत्तराधिकारवाला स्वसासित र संगठित संस्था हुनेछ ।

५. जलस्रोत उपयोगको प्राथमिकता क्रम : (१) मस्याङदी गाउँपालिका भित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिँचाई ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपभोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग,

(झ) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ वमोजिम गठित समितिले उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जांचवुझ समेत गरी सोको आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमवाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको कुरा सम्वन्धीत सवैलाई मान्य हुनेछ ।

६. गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने : (१) मर्स्याङदी गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले वाधा पुर्‍याएको मानिने छैन ।

(२) कसैले यस विधेयक वमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धीत जग्गा , भवन , उपकरण ,तथा संरचना व्यापक सार्वजानिक उपयोगको लागी मस्याङदी गाउँपालिकाले आफले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्वन्धीत जग्गा, भवन, उपकरण, वा संरचना वापत गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) मर्स्याङदी गाउँपालिकाले आफ्नोक्षेत्र भित्र अन्य व्यक्ति ,निकाय वा संगठित सस्थाले उपयोग गरिरहेको जलस्रते लाई निजहरुसंगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवस्यक कार्ययोजना वनाई लागु गर्न सक्नेछ ।

७. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने : (१) मर्स्याङदी गाउँपालिकाले दफा ९ वमोजिम उपदफा ( १) र (२) वमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवस्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियाजे ना उपरको स्वामित्व सम्वन्धित उपभोक्ता संस्थाकोहुनेछ र यस विधेयकको अधिनमा रहि आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको सचांलन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

८. जलस्रोतको उपयोगको लागी करार गर्न सक्ने : यस विधेयकमा जुनसुकै कुरा लेखिएको भएतापनि मस्याङदी गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरु वमोजिम कनै जलस्रोतको विकास,उपयोग र सेवा विस्तार गर्न , गराउन सक्नेछ ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्वन्धी व्यवस्था

९. अनुमति पत्रको व्यवस्था :(१) जलस्रोतको सर्भेक्षण वा उपयागे गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धीत विषयको आर्थिक , प्राविधिक ,र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए वमोजिमका अन्य विवरणहरु खुलाई मस्याङदी गाउँपालिकाको कार्यालय समक्ष अनुमतिपत्रको लागी दरखास्त दिनु पर्नेछ ।

तर जलस्रोतको सर्भेक्षणको अनुमतिपत्रको लागी दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन पेश गर्न आवस्यक पर्ने छैन ।

(२) उपदफा (१) वमोजिम परेको दरखास्तमा गाउँपालिकाले तोकि दिएको अधिकारीले आवश्यक जांचवुझ गरी गराई दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० दिनमा आवश्यक शर्तहरु तोकि दफा ५ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरे वापत मर्स्याङदी गाउँपालिकालाई तोकिए वमोजिमको दस्तुर वा वार्षिक शुल्क वुझाउनु पर्नेछ ।

(४) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा मस्याङदी गाउँपालिकावाट स्वीकृती लिनु पर्नेछ ।

१०. जलविद्युतको लागि जलस्रोतको उपयोग : दफा ६ मा जुनसुकै करा लेखिएको भएता पनि १ मेगावाट (१००० वाट) सम्म क्षमताको जलविद्युत उत्पादनको गर्नको लागी गाउँपालिका कार्यालयवाट र सो भन्दा वढी क्षमताको जलविद्युत उत्पादनको गर्नको लागी जलस्रोतको सर्वेक्षण तथा उपयागे गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

११. अनुमतिपत्र नविकरण गर्ने : (१) यो विधेयक वमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागी दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागी अनुमतिको

नविकरण गर्नु पर्नै छ ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागी दिइएको अनुमतिपत्रको नविकरण गराउदा तोकिए वमोजिम नविकरण दस्तुर लाग्नेछ ।

१२. अनुमतिपत्र खारेज गर्न सकिने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो विधेयक वा यस विधेयक अन्तर्गत वनेको नियम विपरित कुनै काम गरेमा दफा १३ वमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवस्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवस्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्वन्धीत अनुमतिपत्र प्राप्त व्यक्लिाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद-४

## स्थानीय जलस्रोत समिति सम्वन्धी व्यवस्था

१३. स्थानीय जलस्रोत समितिको गठन : (१) मस्याङदी गाउँपालिका भित्र रहेको जलस्रोत उपयोगको आवस्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागी अनुमति प्रदान गर्ने तथा तोकिए वमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागी एक स्थानीय जलस्रोत समिति रहने छ ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहने छन ।

(क) गाउँपालिका अध्यक्ष ..............................................................अध्यक्ष

(ख) गाउंपालिका उपाध्यक्ष ..........................................................सदस्य

(ग) प्रमखु प्रसासकिय अधिकृत ......................................................सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँसभा सदस्यहरु मध्यवोट एकजना........... .सदस्य

(ङ) प्रशासन शाखाको प्रमुख .........................................................सदस्य सचिव

(३) स्थानीय जलस्रोत समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ।

१४. स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार : स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्वन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने ,

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अधययन, अनुसन्धान तथा आवश्यक सुझाव

संकलन गरी  मर्स्याङ्दी गाउँपालिका समक्ष पेश गर्ने ।

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुनैप्रश्न उठेमा वा परमंपरा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउदा तोकिएको तोकिएको शर्त वमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न ब्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न  सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कायर्हरु गर्ने ।

## परिच्छेद-५

## सजाय र पुनरावेदन सम्बन्धी ब्यवस्था

१५. सजाय सम्बन्धी ब्यवस्था : (१) कसलै यस विधेयक वा यस विधेयक अन्तरगत वनेको नियम उलंघन गरेमा निजलाई स्थानीय जलस्रोत समितिको सिफारिसमा मस्याङदी गाउँकार्यपालिकाले पांच हजार रुपैया सम्म जरिवाना गर्न  सक्नेछ र त्यस्तोकसुरवाट कसकै ेहानी नोक्सानी भएको रहेछ भनेनिजवाट त्यस्तोहानी नोक्सानी वापतको क्षेतिपुर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस विधेयक वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु  पालना नगरी जलस्रोतको उपयागे गरेमा निजलाई गाउँ कायर्प ालिकाले पांच हजार रुपयै ा सम्म जारिवाना गर्न र त्यस्तो काम वन्द गराउन सक्नेछ ।

(३) यस विधेयक वमोजिम विकास गरिएकोजलस्रोत वा त्यस्तोजलस्रते वाट उत्पन्न सेवा कसलै चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजवाट विगो असुल गरी  निजलाई विगोवमोजिम जारिवाना समते गर्न वा अपराध अनुसन्धानको लागि लेखि पठाउन सक्नेछ ।

(४) कसलै वदनियतसाथ कुनैखानेपानिकोमुहान, वाध , नहर,वा जलस्रेतको उपयोग सित सम्वन्धीत कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै सरं चना भत्काएमा , विगारेमा , वा कुनै किसिमले हानी नोक्सानी पुर्‍याएमा वा त्यस्तो कुनै काम कुराको लागी दरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजवाट हानी नोक्सानीको विगो असलु गरी निजलाई विगो वमोजिम जारिवाना वा दशवर्ष सम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

१६. अनुसन्धानको लागी लेखि पठाउन सक्ने : जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस विधेयक बमोजिम  आफ्नो काम, कर्तव्य र अधिकारका पालना गर्दा कसैलेदफा १५(४) वमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्वन्धमा अनुसन्धान गर्नको लागी सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

१७. मुद्धा सम्वन्धी ब्यवस्था : दफा १५ को उपदफा (४) वमोजिमको सजाय हुने कसुर सम्वन्धी ब्यवस्था संघिय  कानुन वमोजिम हुनेछ ।

१८. पुनरावेदन सम्वन्धी व्यवस्था : यस विधेयक वमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा  गाउँकार्यपालिकावाट कार्वाही भएकोमा चित्त नवुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिलेपैतिस दिन भित्र सम्वन्धीत जिल्ला अदालतमा पनु रावेदन गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

१९. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगको सवे । अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२) मस्याङदी गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलस्रते को उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागी सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क तोकिए वमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

२०. सेवा रोक्न सक्ने : सेवा उपभोग गरे वापत वुझाउनुपर्ने शुल्क नवुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।

२१. अरुको घर जग्गामा प्रवेश गर्न सक्ने : मर्स्याङदी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयागे को सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नुपरेमा मर्स्याङ्दी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कमर्चारीले सम्वन्धित व्यक्तिलाई पुर्व सुचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ । त्यसरी प्रवेश गर्दा कनै हानी नोक्सानी हुन गएमा मर्स्याङ्दी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

२२. जलस्रोत संरचनाको सुरक्षा :(१) जलस्राते को उपयोग सँग सम्वन्धित कनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा मस्याङदी गाउँपालिकालेआवस्यक प्रवन्ध गर्न स्थानीय प्रसासनलाई लेखि पठाउन सक्नेछ ।

२३. जलस्रोतलाई प्रदुषित गर्न नहुने : मस्याङदी गाउँपालिका भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसलै पनि कुनैकिसिमको फोहरमैला,औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुदैन ।

२४. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने : मस्याङदी गाउँपालिका भित्रको जलस्रोतको उपयोग गर्दा भु– क्षय, वाढी, पहिरो,वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२५. इजाजतपत्रको प्रतिलिपि दिनेः कसलै इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

२६. अधिकार प्रत्यायोजनः यस विधेयक बमोजिम मस्याङदी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयलाई प्राप्त अधिकार मध्ये कहीं अधिकार मर्स्याङदी गाउँपालिका, गाउँकार्यपालिकाको कायार्लयले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायजेन गर्न सक्नेछ ।

२७. प्रचलित कानुन बमोजिम हुनेः यस विधेयकमा लेखिए जति यसै विधेयक बमोजिम र अरुमा प्रचलित

कानुन बमोजिम हुनेछ ।

२८. नियम बनाउने अधिकारः यस विधेयकको उद्देश्य पूर्तिको लागि मर्स्याङदी गाउँकार्यपालिकाले आवश्यक नियमहरु, कार्यविधिहरु बनाउन सक्नेछ ।

आज्ञाले,

कृष्ण प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:४ संख्या:४ मिति: २०७७/१०/५

**भाग-१**

**मर्स्याङदी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०७७ को ऐन नं. ४

## मर्स्याङदी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७

**पारित मितिः २०७७/०९/२७**

**प्रस्तावना:**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बैद्धीक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार संञ्चालान ऐन २०७४, दफा १०२ को उपदफा १ बमोजिम मर्स्याङदि गाउँपालिकाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम "संस्था दर्ता ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब,मण्डल, उपभोक्ता समिति, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउंछ।

(ख) "गाउँपालिका" भन्नाले मस्याङदी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले मस्याङदी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशाशकीय अधिकृत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ।

(ड) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

३. दर्ता नगरी संस्था खोल्न नहुने

यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन।

४. संस्था दर्ता

(१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशाशकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ :–

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना।

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि प्रमुख प्रशाशकीय अधिकृतले आबश्यक जांचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ। (३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर गाउँ कार्यपालिका समक्ष उजूर गर्न सक्नेछ। (४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नगर कार्यपालिकाले आबश्यक जांचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने प्रमुख प्रशाशकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशाशकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ।

(५) गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय संचालन गर्ने व्यक्तीको हकमा एक वा एक भन्दा वढी

व्यक्तीले नपालले तोकेको मापदण्ड पुरा गरी सम्वन्धी शाखाको सिफरिसको आधारमा दर्ता गरी दिनु पर्ने छ ।

(६) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नबीकरण र नबीकरण दस्तूर तोकिए बमोजिम हुनेछ ।

५. संस्था दर्ता नहुने

देहायको अवस्थामा संस्था दर्ता गर्न वाध्य नहुने

(१) नेपालको धार्मिक, सास्कृतीक, साम्प्रदायिक सदभावमा आँच आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल पर्ने, व्यक्तीगत लाभ निर्देशित उद्देश्य विधानमा राखेमा त्यस्तो संस्था दर्ता गरिने छैन ।

६. संगठित संस्था मानिने

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । (२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ । तर सरकारी निकायको वजेट कार्यान्वयण गर्न दर्ता हुने उपभोक्ता समितिको हकमा यो उप दफा लागु हुने छैन ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

७. संस्थाको सम्पत्ति

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको बिधान बिरुद्व संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशाशकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशाशकीय अधिकृतले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्व कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख लाई गाउँपालिकाले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

८. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम गाउँपालिकामा अभिलेख दर्ता गराउनु पर्नेछ ।

९. संस्थाको उद्देश्यहरुमा हेरफेर :

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सम्वन्धीत संस्थाहरुको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा

समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ ।
तर, सो प्रस्ताव लागु गर्न प्रमुख प्रशाशकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ । १०.
हिसावको विवरण पठाउनु पर्ने
प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ
११. हिसाव जाँच गर्ने :
(१) गाउँपालिकाले आबश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत प्रमुख प्रशाशकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।
(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।
(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशाशकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशाशकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशाशकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।
तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।
१२. निर्देशन दिने :
गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।
१३. दण्ड सजाय :
(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई अध्यक्ष ले जनही दुई हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।
(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुखले जनही पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।
तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।
(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई अध्यक्षले पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशाशकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशाशकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१४. पुनरावेदन : दफा १२ बमोजिम प्रमुख प्रशाशकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१५. संस्थाको बिघटन वा त्यस्को परिणाम :

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाका जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

१६. नियम बनाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम, कार्यबिधि बनाउन सक्नेछ
।

१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै ब्यबस्था भएकोमा त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८. खारेजी वा बचाऊ

(१) संस्था दर्ता ऐन , २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ । सो को अभिलेखिकरण अनिवार्य गाउँपालिकामा गराउनु पर्ने छ ।

आज्ञाले,
कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः ५ मितिः २०७७/१०/२५

**भाग-२**

**मर्स्याङदी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०७७ को कार्यविधि नं. १

## संस्था दर्ता सम्बन्धी कार्यविधि,२०७७

पारित मिति :

२०७७०९।२७

<u>प्रस्तावना</u> : यस मर्स्याङदी गाउँपालिकाको क्षेत्रभित्र सामाजिक ,आर्थिक ,वैज्ञानिक ,शैक्षिक ,व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधान बमोजिमको कार्य गर्ने गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र संस्था दर्ता ऐन २०७७ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी मर्स्याङदी गाउँपालिकाको संस्था दर्ता कार्यविधि २०७७ तर्जुमा गरी लागु गरिएको छ ।

१. <u>संक्षिप्त नाम</u> : १) यस कार्यविधिको नाम “संस्था दर्ता सम्बन्धि कार्यविधि २०७७” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यक, सास्कृतिक, वैज्ञानिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एंव कार्य गर्ने उद्धेश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र, समूह आदि सम्झनु पर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउछ ।

ख) “गाउँपालिका” भन्नाले मर्स्याङदी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) “अध्यक्ष” भन्नाले मर्स्याङदी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) “प्रबन्ध समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति

सम्झनु पर्दछ।

ङ) तोकिएको वा तोकिएको बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३) दर्ता नगरी संस्था खोल्न नहुने : यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन ।

४) संस्थाको दर्ता : १) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धि देहायको विवरण खुलाइ संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका समक्ष अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) संस्थाको नाम :

ख) उद्धेश्यहरु :

ग) प्रबन्ध समितिका सदस्यहरुको नाम , ठेगाना र पेशा

घ) आर्थिक श्रोत :

ङ) कार्यालयको ठेगानाः

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि अध्यक्षले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित संस्था अनुसूचि-२ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूचि-३ बमोजिमको दर्ताको प्रमाण पत्र दिनेछ र अनुसूचि-४ बमोजिमको नबिकरण हुनेछ ।

## <u>अनुसूचि-१</u>

### <u>निवेदनपत्रको ढाँचा</u>

श्री अध्यक्ष ज्यू,

मर्स्याङदी गाउपालिका

..........................।

विषयः संस्था दर्ता गरी पाउँ ।

महोदय,

हामीले.........................................सम्बन्धि संस्था खोल्न चाहेकोले मर्स्याङदी गाउँपालिकाको संस्था दर्ता सम्बन्धि कार्यविधि, २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेको छौ । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नामः

२. संस्थाको उद्देश्यहरुः

क)

ख)

ग)

३. प्रबन्ध समितिका सदस्यहरुको

नाम ठेगाना पेशा क)

ख)

ग)

४. आर्थिक स्रोतः

५. कार्यालयको ठेगानाः

मितिः भवदीय पदाधिकारीहरुको नामः

# अनुसूचि-२

## दर्ता किताबको ढाँचा

संस्था दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूचि-३

प्रमाणपत्रका ढाँचा

संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष /सचिव ज्यु

..................................................।

..............................................................................(संस्थाको नाम) मर्स्याङदी गाउँपालिकाको संस्था दर्ता सम्बन्धि कार्यविधि, २०७७ को दफा ४(२) बमोजिम ......................... साल ................. .महिना ....................गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

अध्यक्ष

अनुसूचि-४

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर | अध्यक्षको दस्तखत |
|---|---|---|---|
| | | | |

आज्ञाले,

कृष्ण प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ | संख्याः ६ | मितिः २०७७/१०/२५

**भाग-२**

**मर्स्याङदी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०७७ को नियमावली नं. १

## मर्स्याङदी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी नियमावली, २०७७

मर्स्याङदी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी ऐन, २०७७ को दफा २८ ले दिएको अधिकार प्रयोग गरि मस्याङदी गाउकार्यपालिकाले गाउपालिका भित्रको भुमिगत वा भु सतहमा रहको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न वाञ्छनिय भएकोले "मर्स्याङ्दी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी नियमावली, २०७७" बनाई लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरूको नाम **"मर्स्याङ्दी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी नियमावली, २०७७"**रहको छ ।

(२) यो नियमावली मस्याङदि गाउपालिका क्षेत्र भर लागुहुनेछ ।

(३) यो नियमावली तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले मस्याङदी गाउ"पालिकाको जलस्रोत उपयोग सम्बन्धी ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) "उपभोक्ता " भन्नाले जलस्रोत संग सम्वन्धीत सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" मस्याङदी गाउ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको मर्स्याङ्दी गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले ऐनको दफा १३ वमोजिम गठित स्थानिय जलस्रोत समितिलाई जनाउँदछ।

(च) "अध्यक्ष" भन्नाले मस्याङदी गाउ"पालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उपभोक्ता संस्था

३. उपभोक्ता संस्थाको गठन : संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा ७ जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

४. उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिन पर्ने : नियम ३ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा सात जना उपभोक्ताहरुले अनुसुची – १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैया दस्तुर सहित मर्स्याङ्दी

गाउँपालिका स्थानिय  जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

५. विधानमा खुलाउनु पर्ने विवरणहरु : नियम ४ बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउन पर्नेछ :–

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यकोलागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन राजिनामा,

(ङ) हक दावी ,नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी),

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरिक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध ।

६. दर्ता र प्रमाणपत्र : (१) नियम ४ बमोजिम पर्न आएको दरखास्त उपर स्थानिय जलस्रोत समितिले आवश्यक  जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची २ वमोजिमको उपभोक्ता संस्था  दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा स्थानीय जलस्रोत समितिले सोको  स्पष्ट कारण खोली दरखास्तवालालाई सो कुराको सुचना दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै नियमावली  बमोजिम दर्ता भएका मानिनेछन् ।

७. विधान संशोधन : उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधान संसोधनको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा स्थानिय जलस्रोत समितिमा पेश गर्नुपर्नेछ र स्थानिय  जलस्रोत समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद ३

## जलस्रोत उपयोग सम्बन्धी व्यवस्था

८. जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने : (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा सङ्गगठित संस्थाले अनुसुची –३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाई मस्याङदी गाउ“पालिका स्थानिय जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनु पर्नेछ :–

(क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनाको अन्तिम स्वामित्व रहने व्यक्ति वा सङ्गठित संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्धता लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत),

(घ) घरजग्गाको उपयोग वा प्राप्ति (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैरसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गा धनीहरुको लगत),

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गा धनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(च) अन्य आवश्यक कुराहरु ।

९. दरखास्त उपर जाँचबुझ : (१) नियम ८ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस नियमावली बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा स्थानिय जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनैकागजात, विवरण वा प्रतिवेदन पेश गर्न स्थानिय जलस्रोत समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद ताकी दरखास्त दर्ता भएको मितिले ३० दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

१०. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने : (१) नियम ८ बमोजिम जलस्रोतका उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि स्थानिय जलस्रोत समितिले नियम ९ बमोजिम आवश्यक जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

११. अनुमतिपत्र दिने : नियम ८ बमोजिमको दरखास्त उपर नियम ९ र १० बमोजिमको कार्यविधि पूरा गरी गराई स्थानिय जलस्रोत समितिले दरखाास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची – ४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

१२. जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने : (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा सङ्गठित संस्थाले अनुसुची – ५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित तपशिलको विवरणहरु खुलाई स्थानिय जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनु पर्नेछ

(क) परियोजना विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य संरचना समेत देखिने),

(ग) पानीकोस्रोत र उपयोग हनु ेउपभोक्ताहरुकोसंख्या र किसिम,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र

सञ्चालनको लागि समेत),

(छ) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची –७ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतका दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर बापत बुझाउनु पर्नेछ ।

१३. दरखास्त उपर जाँचबुझ : (१) नियम १२ बमोजिम दरखास्त परेपछि ऐन र यस नियमावली बमोजिम दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा स्थानिय जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

१४. सर्वेक्षण अनुमतिपत्र दिने : नियम १२ बमोजिम परेको दरखास्त उपर नियम १३ बमोजिम स्थानिय जलस्रोत समितिले आवश्यक जाँबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची –६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्भेक्षण अनुमति दिनु पर्नेछ ।

१५. सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने : नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वक्षेणको काम सम्पन्न गरके ामितिलेतीस दिन भित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन स्थानिय जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

१६. जलस्रोत माथि अधिकार कायम हुने : यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

१७. कार्य शुरु गर्नु पर्ने अवधि : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरको मितिले सर्वेक्षणको हकमा तिन महिना भित्र र जलस्रोतको उपयोगको हकमा एक वर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धित स्थानीय जलस्रोत समितिलाई दिनु पर्नेछ ।

तर म्याद भित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा सम्बन्धित स्थानिय जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शरु भएपछि प्रत्येक ६ महिनामा भएकोकामको प्रगति विवरण अनुमति पत्र प्राप्त व्यक्तिले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म सम्बन्धित स्थानिय जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ ।

१८. अनुमतिपत्र दस्तुर : यो नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची –७ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

१९. अनुमतिपत्र नवीकरण गर्ने : (१) यो नियमावली बमोजिम जलस्रोतकोसर्वक्षेण वा उपयोगकोलागि

दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची –७ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२०. अनुमतिपत्र विक्रि वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्बन्धित स्थानिय जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवदे न उपर सम्बन्धित स्थानिय जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा सङ्गठित संस्थाको नाउँमा बिक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२१. जलस्रोत उपयोग जाँचबुझ गर्न सक्ने : (१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा स्थानिय जलस्रोत समितिले आवश्यक जांचवुझ गरी त्यस्तो विवाद समाधान गर्न सक्नेछ ।

## परिच्छेद –४

## सेवा शुल्क सम्बन्धी

२२. वार्षिक शुल्क : अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारीक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत बुझाउनुपर्ने वार्षिक शुल्क अनुसूची –८ मा तोकिए बमोजिम हनु छ ।

२३. सेवा शुल्क निर्धारण गर्न सक्ने : (१) मर्स्याङ्दी गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा शुल्क र निर्धारित समय भित्र सेवा शुल्क नबुझाउने उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्कको दर समेत स्थानिय जलस्रोत समितिले निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

२४. सेवा शुल्क बुझाउनु पर्ने : जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेबापत नियम २३ कोउपनियम (२) बमोजिम निर्धारित सेवा शुल्क बझुाउनु निजहरुको दायित्व हुनेछ ।

## परिच्छेद –५

## विविध

२५. सहयोग पुऱ्याउनु पर्ने : आफ्नो कार्य सम्पादनको सिलसिलमा स्थानिय जलस्रोत समितिले जलस्रोतसँग सम्बन्धित निकायबाट आवश्यकता अनुसार जलस्रोत सम्बन्धी तथ्याङ्कहरु उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२६. दुर्घटनाको सूचना : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा स्थानिय जलस्रोत समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन स्थानिय जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिने अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

२७. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : मर्स्याङ्दी गाउँपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची –१

(नियम ४ सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

**बिषयः- उपभोक्ता संस्था दर्ता गरिपाउँ ।**

श्री अध्यक्ष ज्यू,

मर्स्याङ्दी गाउँपालिका भुलभुले, लमजुङ ।

महोदय,

हामीले ...................................................... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत उपयोग सम्वन्धी ऐन, २०७७ को दफा ४ तथा जलस्रोत उपयोग सम्वन्धी नियमावली, २०७७ को नियम ४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता संस्थाको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु :

(क)

(ख)

(ग)

| ४. सदस्यहरुको नाम | ठगोना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |
| (ङ) | | |

(च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरण :–

(क) जलस्रोतका नाम र रहेको ठाउँ :–

(ख) जलस्रोतबाट गरिने प्रयोग :–

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :–

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :–

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहको सेवा सम्बन्धी विवरण :–

(क) सेवाको किसिम :–

(ख) सेवा पुऱ्याउने क्षेत्र :–

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सख्या :–

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :–

आर्थिक स्रोतको विवरण :–

कार्यालयको ठेगाना :–

निवेदक

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सही :-

नाम :-

पद :-

ठेगाना :-

मितिः-

अनुसूची २

(नियम ६ को उपनियम १ सँग सम्बन्धित)

मितिः २०७७/..../...

दर्ता मिति : २०७७/..../....

दर्ता नम्बरः .....

**मर्स्याङ्दी गाउँपालिका, स्थानीय जलश्रोत समिति, उपभोक्ता संस्था दर्ता प्रमाण पत्र ।**

श्री ..........................,

मर्स्याङ्दी गाउँपालिका वडा नं. ४, ताघ्रिङ ।

जलस्रोत उपयोग सम्वन्धी ऐन, २०७७ को दफा ४ तथा जलस्रोत उपयोग सम्वनधी नियमावली, २०७७ को नियम ४ बमोजिम २०७७ साल १० महिना २७ गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ । जलस्रोत उपयोग सम्वन्धी ऐन, २०७५ तथा जलस्रोत उपयोग सम्वन्धी नियमावली, २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

**स्वीकृत गर्नेकोः**

दस्तखत :

नाम थरः

पदः

अनुसूची –३

(नियम ८ सँग सम्बन्धित

जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मिति : .........................................

श्री अध्यक्ष ज्यू

मर्स्याङ्दी गाउँपालिका, भुलभुले, लमजुङ ।

जलस्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन जलस्रोत उपयोग सम्वन्धी नियमावली, २०७७ को नियम ८ बमोजिम देहाएकोविवरण खलुाई यो दरखास्त पेश गरको छु ।

- व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगाना :
- उद्देश्य :
- उपयोग गर्न खोजेको जलस्रोतकृ परिमाण र उपभोग गर्ने प्रयोजन :
- प्रस्तावित जलस्रेत उपयोग गर्ने ठाउँ :
- जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल :
- प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभ :
- प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
- जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोत :
- जलस्रोत उपयोग गर्ने तरिका :
- जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :
- सर्वेक्षण गर्ने क्षेत्र :
- सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. ..................................
- अन्य विवरणहरु :

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्ठा ठहरेकानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो सस्थाको छाप सम्बन्धित व्यक्ति वा सङ्गठित संस्थाको तर्फबाट दरखास्त दिनेको   नाम र थर :

सही :

पद :

ठेगाना :

अनुसूची –४

(नियम ११ सँग सम्बन्धित

<u>जलस्रोतको उपयोगको अनुमतिपत्र</u>

मर्स्याङ्दी गाउँपालिका कार्यालय

मिति : ...........................

अनुमतिपत्र संख्याः

श्री ....................... .......................

......................................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली जलस्रोत उपयोग सम्वन्धी नियमावली, २०७७ को नियम ११. बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा सङ्गठित संस्थाको पूरा नाम ठेगाना :

२. जलस्रोत उपयोगको उद्देश्य :

३. जलस्रोतको नाम, किसिम र रहेको स्थान :

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाण :

५. जलस्रोत उपयोगको क्षेत्र

६. जलस्रोत उपयोग गर्ने तरिका :

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

८. अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको

नाम :

सही :

पद :

अनुसूची –५

(नियम १२ को उपनियम १.सँग सम्बन्धित

<u>जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त</u>

मिति : ...............................

श्री अध्यक्ष ज्यू

मस्याङदी गाउँपालिकाको कार्यालय

भुलभुले, लमजुङ ।

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलस्रोत उपयोग सम्बन्धी नियमावली, २०७७ को नियम १२ बमोजिम देहाएको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

- व्यक्ति वा सङ्गठित संस्थाको नाम र ठेगाना :
- उद्देश्य :
- सर्वेक्षण गर्ने क्षेत्र :
- सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. ..................................
- (पुष्ट्याई गर्ने अवधि :
- सर्वेक्षण गर्ने अवधि :
- अन्य विवरणहरु :

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्ठा ठहरेकानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो सस्थाको छाप सम्बन्धित व्यक्ति वा सङ्गठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम र थर :

सही :

पद :

ठेगाना :

अनुसूची –६

(नियम १४ सँग सम्बन्धित

<u>जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र</u>

मर्स्याङ्दी गाउँपालिका कार्यालय

मिति : ..............................

अनुमतिपत्र संख्या

श्री ...................... ......................

......................................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली जलस्रोत उपयोग सम्वन्धी नियमावली,२०७७ को नियम १४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा सङ्गठित संस्थाको पूरा नाम ठेगाना :

२. जलस्रोत सर्वक्षेणकोउद्देश्य :

३. जलस्रोत सर्वक्षेणकोक्षेत्र :

४. सर्वेक्षण गर्ने अवधि :

५. अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको

नाम :

सही :

पद :

## अनुसूची –७

(नियम १२ को उपनियम २, नियम १८ र नियम १९ को उपनियम २ सँग सम्बन्धित)

### अनुमतिपत्र दस्तुर

जलस्रोत उपयोगको किसिम

(क) खानेपानी र घरलेउपयोग रु.१००।

(ख) सिंचाई रु.२००।

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग रु.१००।

(घ) घरलेउद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु.२००।

(ङ) जल यातायात रु. ५००।

(च) आमोद प्रमोदजन्य उपयोग रु. ५००।

(छ) अन्य उपयोग रु. ५००।

## अनुसूची –८

(नियम २२ सँग सम्बन्धित)

## जलस्रोतको उपयोग बापत बुझाउनुपर्ने वार्षिक शुल्क

१. सिंचाईको हकमा

(क) दुई हजार हेक्टरसम्मकोजमिन सिंचाई गर्न प्रति हक्टेर रु. एकका दरलेअधिक रु. १,०००।

(ख) दुई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु. २,०००।

(ग) पाँच हजारदेखि दश हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु. ५,०००।

(घ) दश हजारदेखि पन्ध्र हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु. १०,०००।

(ङ) पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु. १५,०००।

(च) बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न रु.२०,०००।

२. खानेपानीको हकमा

(क) दुई हजारसम्मकोजनसंख्यालाई खानेपानीकोव्यवस्था गर्न रु. ५००।

(ख) दुई हजार देखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २,०००।

(ग) पाँच हजार देखि दश हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५,०००।

(घ) दश हजार देखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १०,०००।

(ङ) पन्ध्र हजार देखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १५,०००।

(च) बीस हजार देखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २०,०००।

३. कृषिजन्य उपभोगको लागि रु. २,०००। देखि २०,०००। सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु. २,०००। देखि २०,०००। सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु. ५,०००। देखि ५०,०००। सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोदजन्य प्रयोगको लागि रु. १,०००। देखि १०,०००। सम्म वार्षिक कारोबारको आधारमा ।

७. अन्य प्रयोगको लागि रु. ५,०००। देखि १०,०००। सम्म वार्षिक कारोबारको आधारमा ।